मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २७ ◆ अङ्क : २९२ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७९ भदौ २२ गते बुधबार (Wednesday, September 7. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## टिकटक बनाउने भन्दै मोटरसाइकल मागेपछि...

**काठमाडौं, भदौ २१।** टिकटक बनाउने बहाना बनाई मोटरसाइकल चोरी गरेको अभियोगमा तीन जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा सिन्धुपाल्चोक मेलम्ची नगरपालिका-१० ठेगाना भएका ३२ वर्षीय रामचन्द्र रावल, सोही ठाउँ ठेगाना भएका १८ वर्षीय किशोर र सिन्धुपाल्चोक इन्द्रावती गाउँपालिका-४ टाकुरे ठेगाना भएका ३२ वर्षीय पुष्कर काफ्ले रहेका छन्।

काठमाडौं उपत्यकाका विभिन्न स्थानबाट मोटरसाइकल चोरी भएको घटनाको अनुसन्धानको

(बाँकी अन्तिम पृष्ठमा)

## राहत माग्दै झापाका किसानले बुझाए प्रधानमन्त्रीलाई ज्ञापनपत्र



**झापा, भदौ २१।** तत्काल किसानलाई राहत रकम उपलब्ध गराइनुपर्ने माग राख्दै झापाका किसानले प्रधानमन्त्री शेरवहादुर देउवा समक्ष ज्ञापनपत्र बुझाएका छन्।

झापाका प्रमुख जिल्ला अधिकारी छबिलाल रिजालमार्फत झापाका किसानले मंगलवार प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएका हुन्। शिवसताक्षी नगरपालिका-६का अगुवा कृषक लक्ष्मीप्रसाद भण्डारीको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय झापा पुगेको किसानको टोलीले प्रजिअ रिजालमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएका हुन्।

झण्डै एक वर्ष अघि बेमौसमी बर्षाले धानबालीमा पुऱ्याएको क्षतिको राहत झापाका किसानले अझै पाउन सकेका छैनन्। गत वर्ष (२०७८ साल असोज) महिनामा वर्षासहित आएको हावाहुरीले धान बालीमा ठूलो क्षति पुऱ्याएपछि सरकारले कृषकलाई राहत दिने घोषणा गरेको थियो। तर, आफूहरुले हालसम्म सरकारबाट कुनै पनि प्रकारको राहत रकम नपाएको भन्दै तत्काल किसानलाई राहत उपलब्ध गराउनुपर्ने माग सहित प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउनु परेको भण्डारीको भनाइ छ।

प्रमुख जिल्ला अधिकारी रिजाललाई ज्ञापनपत्र बुझाउँदै सरकारले तत्काल किसानलाई राहत रकम उपलब्ध नगराए झापाली किसानले हलोकोदालो लिएर प्रधानमन्त्री कार्यालय घेराऊ गर्ने चेतावनी दिइएको छ। उनीहरुले सहज रुपमा सरकारले रासायनिक मल समेत उपलब्ध गराउनुपर्ने माग राखेका छन्।

गत वर्ष आएको अविरल वर्षाका कारण झापामा ५१ हजार आठ सय ४५ जना किसानको धानबालीमा क्षति भएको जिल्ला कृषि ज्ञान केन्द्र झापाको तथ्याङ्कमा उल्लेख छ। अविरल वर्षाका कारण झापामा २१ हजार नौ सय २१ हेक्टर क्षेत्रफलमा लगाइएको धानबालीमा क्षति पुगेको थियो।

जिल्ला कृषि ज्ञान केन्द्र झापाको तथ्यांक अनुसार झापाका १५ वटै पालिकामा वर्षाले क्षति पुऱ्याएको थियो। वर्षाका कारण झापामा ३७ करोड ६४ लाख ३२ हजार २ सय ९१ रुपैयाँ बरावरको क्षति भएको जिल्ला कृषि ज्ञान केन्द्र झापाको तथ्याङ्कमा उल्लेख छ।

# राप्रपा: छोरी केन्द्रमा, बुवा प्रदेशमा उम्मेदवार सिफारिस


**झापा, भदौ २१।** राष्ट्रिय प्रजातन्त्र पार्टी झापाले आसन्न प्रतिनिधि र प्रदेशसभा निर्वाचनका लागि एउटै घरका दुई जनालाई उम्मेदवार सिफारिस गरेको छ।

मंसीर ४ गते हुने निर्बाचनका लागि झापा क्षेत्र नम्वर ४मा पार्टीले बावुछोरीलाई नै उम्मेदवारका रुपमा सिफारिस गरेको हो। राप्रपाका जिल्ला अध्यक्ष केशव ओझाका अनुसार प्रतिनिधिसभा सदस्यका लागि खुश्बू ओली र प्रदेशसभा सदस्यका लागि श्याम ओलीको नाम सिफारिस गरेको हो। खुस्बू र श्याम नाताले बावु छोरी हुन्।

खुस्बू केही महिनाअघि मात्रै नेपाल कम्युनिष्ट पार्टी (एमाले) परित्याग गरी राप्रपामा प्रवेश गरेकी थिइन्। उनी राप्रपामा प्रवेश गरेलगत्तै प्रतिनिधिसभा सदस्यका लागि सिफारिस भएकी हुन्।

यता खुस्बूका वुवा श्याम ओली समेत गत स्थानीय तहको निर्बाचन अघि मात्रै राप्रपामा प्रवेश गरेका थिए। कनकाई नगरपालिकामा राप्रपाको तर्फबाट प्रमुख पदमा प्रतिष्पर्धा गरेका ओली नेपाल कम्युनिष्ट पार्टी (एमाले) का राजेन्द्रकुमार पोखेलसंग पराजित भएका थिए। ओलीलाई पार्टीले प्रदेशसभा सदस्य पदका लागि झापा क्षेत्र नम्वर ४ को 'ख'बाट उम्मेदवार सिफारिस गरेको छ।

लामो समय नेपाल कम्युनिष्ट पार्टी (एमाले) को सक्रिय राजनीतिमा महत्वपूर्ण भूमिका निर्वाह गरेका ओली परिवारका बाबुछोरी नै राप्रपामा प्रवेश गरेलगत्तै प्रतिनिधि र प्रदेशसभा सदस्यका रुपमा सिफारिस भएपछि झापामा



ओली परिवारको चर्चा चुलिएको छ।

यसैबीच झापाका पाँच निर्बाचन क्षेत्रमध्ये राष्ट्रिय प्रजातन्त्र पार्टीले चार निर्बाचन क्षेत्रमा प्रतिनिधि सभा र प्रदेशसभा निर्बाचनका लागि उम्मेदवार सिफारिस गरेको छ।

आगामी मंसीर ४ गते हुने निर्वाचनका लागि झापा क्षेत्र नम्वर ३मा प्रतिनिधि सभाका लागि पार्टीका केन्द्रीय अध्यक्ष राजेन्द्र लिङ्देन एक मात्र उम्मेदवार सिफारिस भएका छन्। २०७४ सालमा भएको निर्बाचनमा समेत लिङ्देन सोही निर्वाचन क्षेत्रबाट नेपाली कांग्रेसका प्रभावशाली नेता कृष्णप्रसाद सिटौलालाई पराजित गर्दै प्रतिनिधिसभा सदस्यका रुपमा निर्वाचित भएका थिए।

राष्ट्रिय प्रजातन्त्र पार्टीका जिल्ला अध्यक्ष ओझाका अनुसार जिल्लाका पाँचवटा निर्वाचन क्षेत्र र १० प्रदेश क्षेत्रमध्ये चारवटा निर्वाचन क्षेत्र र आठवटा प्रदेश क्षेत्रबाट राप्रपाले उम्मेदवारको नाम सिफारिस गरेको छ।

झापा क्षेत्र नं १मा रमेश दहाल र पुष्कर खतिवडा प्रतिनिधिसभा सदस्यका लागि सिफारिस भएका छन्। क्षेत्र नं १ प्रदेश 'क' मा कल्याण खड्का, 'ख' मा सबिना बजगाँईको प्रदेशसभा सदस्यका लागि नाम सिफारिस भएको छ।

त्यस्तै क्षेत्र नं. २मा भक्ति सिटौला, बसन्त रिमाल र शारदा रिजालको नाम राष्ट्रियसभा सदस्यका लागि सिफारिस भएको छ भने क्षेत्र नं २ प्रदेश 'क'मा शंकर रिजाल, दीपक मास्के, रञ्जु प्याकुरेल, 'ख' मा राजकुमार चौहान, लोकेश भट्टराईको नाम प्रदेशसभाका लागि सिफारिस भएको छ।

क्षेत्र नं. ३मा प्रतिनिधिसभाका लागि राजेन्द्र लिङ्देनको एक मात्र नाम सिफारिस भएको हो। क्षेत्र नं ३ प्रदेश 'क' मा नवराज पनेरु, राजकुमार राई, 'ख' मा रामकुमार राजवंशी, जीवन पनेरुको नाम सिफारिस भएको हो।

त्यस्तै झापा क्षेत्र नम्वर क्षेत्र नं ४ मा प्रतिनिधिसभाका लागि ओलीको नाम सिफारिस भएको छ। क्षेत्र नं ४ प्रदेश 'क'मा रुद्र भट्टराई, कुमार श्रेष्ठ र 'ख' मा ओलीको नाम सिफारिस भएको जिल्ला अध्यक्ष ओझाले जानकारी दिए। यता झापा क्षेत्र नं. ५मा बुधवार मात्र उम्मेदवारको नाम सिफारिस गरिने अध्यक्ष ओझाको भनाइ छ।

## श्रीमानविरुद्ध जबरजस्ती करणी मुद्दा दर्ता

**झापा, भदौ २१।** २८ वर्षीय एक जना महिलाले श्रीमानबिरुद्ध जबरजस्ती करणी मुद्दा दर्ता गराएकी छन्।

बैबाहिक सम्बन्ध कायम रहेको अवस्थामा श्रीमानले श्रीमतीलाई जबरजस्ती करणी गरेमा ५ वर्षसम्म कैद हुने

(बाँकी अन्तिम पृष्ठमा)

## डेँगु नियन्त्रण गर्न ध्यानाकर्षण

**झापा, भदौ २१।** राष्ट्रियसभाका सांसदहरुले मुलुकको समसामयिक विषयमाथि सरकारको ध्यानाकर्षण गराएका छन्।

राष्ट्रियसभाको मंगलवारको बैठकको शून्य समयमा बोल्दै सांसदहरुले आगामी निर्वाचनमा महिला उम्मेदवारको प्रतिनिधित्व बढाउन, डेङ्गु रोग नियन्त्रण, अव्यवस्थित सवारी साधनको व्यवस्थापनलगायतका विषयमा सरकारको ध्यानाकर्षण गराएका हुन्।

सांसद अनिता देवकोटाले आगामी प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा संविधानको मर्म र भावनालाई ध्यानमा राखी प्रत्यक्षतर्फ महिलालाई उम्मेदवार बनाउन सम्बन्धित सबै राजनीतिक दललाई अनुरोध गरिन्। उनले डेङ्गु नियन्त्रणलाई लामखुट्टेको लार्भा नाश गर्ने कीटनाशक औषधि छर्कन र सचेतनाका लागि यथाशीघ्र प्रभावकारी कदम चाल्न सरकारको ध्यानाकर्षण गराइन्।

(बाँकी अन्तिम पृष्ठमा)

## 'पत्रकारलाई गालीगलौज र लाञ्छना लगाउने काम बन्द गर'

**बिर्तामोड, भदौ २१।** नेपाल पत्रकार महासंघले झापाका पत्रकार राजु पौडेल र नारायण अर्यालबिरुद्ध मेडिकल सञ्चालक दुर्गा प्रसाईंले लगाएको आरोपविरुद्ध विज्ञप्ति निकाल्दै गालीगलोज गर्ने र लाञ्छना लगाउने काम बन्द गर्न आग्रह गरेको छ।

पत्रकार महासंघ झापा शाखाका सदस्य एवम् ग्यालेक्सी फोरके टेलिभिजन प्रदेश १ का ब्युरो प्रमुख राजु पौडेल र झापा संवाददाता नारायण अर्याललाई बीएण्डसी अस्पतालका सञ्चालक प्रसाईंले विभिन्न सञ्चारमाध्यम र युट्युव च्यानलमा अन्तरवार्ता दिने क्रममा पत्रकारद्वयलाई अपमानित हुने किसिमले लाञ्छना लगाएको भन्दै पत्रकारबिरुद्ध जथाभावी अभिव्यक्ति नदिन महासंघले सचेत गराएको छ।

पत्रकार महासंघका महासचिव रोशन पुरीले मंगलबार जारी प्रेस विज्ञप्तिमा कुनै पनि बहानामा पत्रकारलाई अपमानित हुने कार्य हुनु प्रेस स्वतन्त्रता बिरोधी काम भएको उल्लेख छ। महासंघ अस्पताल जस्तो संवेदनशील निकायका सञ्चालकबाट यस किसिमका कार्य हुनु दुःखद् र निन्दनीय भएको महासंघले ठहर गरेको छ। महासंघले संविधानले

(बाँकी अन्तिम पृष्ठमा)


## डाक्टर आउने बारेको सूचना

यहि मिति २०७९ साल भदौ २५ गते शनिबारका दिन आयुर्वेदमा एम.डि गर्नु भएका डा.सुनिल मण्डलद्वारा स्वास्थ्य जााच हुने सम्पूर्ण बिरामिबर्गमा जानकारी गराइन्छ।

**जााच हुने समस्याहरुः-** ग्यास्ट्रिक, कब्जियत, दम, खोकी, पिनास, माइग्रेन, सुगर, प्रेसर, थाइराइड, महिला तथा पुरुषका यौन समस्या, बाथ रोग, युरिक एसिड, जन्डिस, मृगौलाको पत्थरी, दाद, एलर्जी आदि।

**समयः बिहान ८ बजे देखि बेलुका ४ बजे सम्म**

**फोनबाट पनि नाम टिपाउन सकिनेछ।**

थप जानकारीको लागि :

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**

बिर्तामोड- झापा, राजगढ बस स्टेण्ड दक्षिण

फोन ०२३-५३२३६६/९८०६०००३१३/०२३-५९०१६६

## हाड जोर्नी नसाका बिरामीलाई सुवर्ण अवसर काठमाडौंका बिशेषज्ञ बिर्तामोडमा

स्पार्क अस्पताल काठमाडौं तथा काठमाडौं न्यूरो अस्पतालका बरिष्ठ डाक्टर अनिलकुमार महतो यही भाद्र २४ गते शुक्रबार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदैहुनुहुन्छ। आफ्नो समस्या जाँच गराई मौकाको फाइदा लिनुहोस्।

**जाँच हुने समस्याहरु :**

- ढाड, कम्मर, गर्दन, घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झम्झमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको

**समय : बिहान ८:०० देखि ३:००**

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड

नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८५२६७५०३३, ९८४०३२६६२)

## डाक्टर आउने बारेको सूचना

**डा. दिपायन पाण्डे**

MD- DERMATOLOGY (BPKIHS)

NMC- NO. 13317

वरिष्ठ छाला, यौन, कुष्ठरोग तथा सौन्दर्य रोग विशेषज्ञ

डेल्फी स्किन हस्पिटल दमकबाट

यही भदौ २३ गते बिहीबार आउँदै हुनुहुन्छ।

सम्पर्क :

**जीवन रक्षा पोलिक्लिनिक एण्ड डाइगोनोष्टिक सेन्टर प्रा. लि.**

जिवनरक्षा

बिर्तामोड, भद्रपुररोड

फोन नं. : ०२३-५३१२४२, ९८१७०९४६०१

## कनकाई विर्ता अर्जुन नवीकरणीय ऊर्जा तथा फोहोरमैला व्यवस्थापन लि.

कनकाई-२, सुकेडाँगी (झापा)को

### साधारणसभा सम्बन्धी सूचना !


यस कनकाई विर्ता अर्जुन नवीकरणीय ऊर्जा तथा फोहोरमैला व्यवस्थापन लि.को निम्न मिति, समय र स्थानमा विभिन्न प्रस्ताव छलफल तथा पारित गर्ने गरी **वार्षिक साधारणसभा** आयोजना हुने भएकाले उपस्थितिका लागि सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई पत्र पठाइसकिएको छ। कारणवश पत्र प्राप्त नभएमा यसै सूचनालाई आधारमानी उपस्थितिका लागि हार्दिक अनुरोध छ।

**साधारणसभाका कार्यक्रम**

१. वार्षिक प्रतिवेदन पारित।
२. आर्थिक वर्ष २०७६/०७७ र २०७८/२०७९ को लेखा परीक्षण प्रतिवेदन पारित।
३. २०७९/०८० को लेखा परीक्षक नियुक्ति।
४. लगानी साझेदारी अनुमोदन गर्ने।
५. प्रबन्ध पत्र र नियमावली संशोधन गर्ने।
६. विविध।

मिति : २०७९ असोज ११ गते मंगलबार।
समय : बिहान ११ बजे।
स्थान : कनकाई विर्ता अर्जुन नवीकरणीय ऊर्जा तथा फोहोरमैला व्यवस्थापन लि.को सभाहल, कनकाई-२, सुकेडाँगी (झापा)

OSHO DIVINE DOORS



## शरीर-मन डिटोक्स

MEDITATION RETREAT

मितिःभाद्र २९- ५ अशोज

Facilitated by:
Ayurveda Specialist
Swami Prem Keerti(India)

आयुर्वेदिक जीवनशैलीले एकाग्रता सुधार, एन्टी एजिङ, रिल्याक्सेसन, डि-स्ट्रेसिङ र अन्य थुप्रै फाइदाहरू उत्पादन गर्दछ। यस ध्यान शिविरमा आयुर्वेदिक जिवानसैली र ध्यानको परम आनन्द लिनुहोस।

Facebook:Osho Divine Doors

स्थानः Osho Divine Doors हर्कटे, इलाम, नेपाल

थप जानकारीको लागिः +977 9824999770
Book your space +977 9842703240

के तपाईंको Class 12 मा NG (Non-Graded) आयो ?

असोज ३० र ३१ गते हुने Class 12 को ग्रेड वृद्धि परीक्षाका Tuition Class

इक्जाम्टेड विद्यार्थीका निम्ति छ ओटै विषयका कोचिङ्ग कक्षाहरू संचालित छन्।

✪ Science ✪ Management ✪ Humanities ✪ Education

More Details :Mob. No. : 9804988534, Ph. No.: 023-544975

अत्याधिक विद्यार्थीहरू SLC तथा +2 पास गराउन सफल

**पाइथागोरस एजुकेशन फाउण्डेशन**

अतिथिसदन रोड, बिर्तामोड, झापा

# हलुवागढ सामुदायिक वन उपभोक्ता समूहको नेतृत्व चयन



**अर्जुनधारा, भदौ २१।** निर्विरोध निर्वाचित झापाको अर्जुनधारा-१स्थित हलुवागढ सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारी तथा सदस्यहरुले मंगलबारदेखि कार्यभार सम्हालेका छन्।

निर्वाचन समितिद्वारा समूहको कार्यालय परिसरमा आयोजित घोषणा सभा तथा शपथ ग्रहण कार्यक्रममा समितिका संयोजक एवम् नगरसभा सदस्य मदन लिमेल मगरले उनीहरुलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराएका हुन्।

समूहको अध्यक्षमा देउनारायण राई, उपाध्यक्षमा बुद्धकला फुँयेल ढकाल, सचिवमा ओमबहादुर तोलाङ्गी, सहसचिवमा रामबहादुर फागो र कोषाध्यक्षमा पूजा लिम्बू निर्वाचित भएका छन्।

त्यसैगरी सदस्यहरुमा अस्मिता चौलागाँई, निरु शिवा, बालकुमार लिम्बू, मीरा आचार्य, युवराज आचार्य, रोशन मिश्र, लीलादेवी रामदाम र विष्णुकमार तामाङ निर्वाचित भएका छन्।

संयोजक मगरको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रमुख अतिथि अर्जुनधारा नगरपालिकाकी उपप्रमुख खड्गमाया पराजुली, वडाध्यक्ष उपेन्द्र बस्नेतलगायतले उनीहरुलाई निर्वाचित भएको प्रमाण-पत्र वितरण गरेका थिए।

कार्यक्रममा नेकपा एमालेका खड्गबहादुर गोले, नेपाली कांग्रेसका बुद्ध बोहोरा, माओवादी केन्द्रका वीजेन्द्रकुमार एक्तेन, राप्रपाका सुरेन्द्र आचार्य, हचुमासा सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष चन्द्र प्रसाईं, जुकेखाडी सामुदायिक वन उपभोक्ता समूहकी सचिव नर्वदा दियालीलगायतले शुभकामना मन्तव्य राखेका थिए।

समितिका सदस्य एवम् कनकाई सब डिभिजन वन कार्यालयका रेञ्जर राजेश घिमिरेले औचित्यमाथि प्रकाश पारेका थिए। दिव्यप्रसाद कट्टेलले स्वागत गरेको उक्त कार्यक्रमको सञ्चालन टंकप्रसाद बराललले गरेका थिए।

नयाँ कार्यसमिति चयन गर्न गत साउन १६ गते सम्पन्न भएको समूहको विशेष साधारणसभाले मगरको संयोजकत्वमा निर्वाचन समिति गठन गरेको थियो।

# लिम्बूभाषाको मोह घट्दै

**दमक, भदौ २१।** लिम्बू जातिमा आफ्नो मातृ भाषाको मोह घट्दै गए पनि अन्य जातिमा जातिमा उक्त भाषाको मोह बढ्दै गएको देखिएको छ।

दमक नगरपालिका वडा नं. ७ स्थित पृथ्वी माध्यमिक विद्यालयमा पठनपाठन हुँदै आएको ऐच्छिक विषय लिम्बू भाषा अध्ययन गर्ने छात्र छात्राहरुको एक तथ्याङ्कले यस्तो अवस्था देखाएको हो।

उक्त विद्यालयलाई दमक नगरपालिकाले शैक्षिक सत्र २०७८/२०७९देखि लागू हुने गरी लिम्बू भाषा प्रबर्द्धन गर्न एक लिम्बू भाषा शिक्षकका लागि अनुदान दिँदै आएकामा विद्यालयले भाषा शिक्षक नियुक्त गरी १०० पूर्णाङ्कको उक्त विषयको भाषा पढाउँदै आएको छ।

विद्यालयमा कक्षा ४ र ५मा सरकारबाट स्वीकृत लिम्बू भाषाको 'आनीपान ' पाठ्यपुस्तक पढाइ हुँदै आएको छ। लिम्बू भाषा शिक्षक दीपेन्द्र सेलिङका अनुसार विद्यालयमा ९० विद्यार्थीमध्ये लिम्बू विद्यार्थी जना २२ जना मात्र छन् ।

अन्य ६८ विद्यार्थीमा राई, क्षेत्री, बाहुन, साह, मगर, तामाङलगायत समुदायका बालबालिकाले पनि लिम्बू भाषाको अध्ययन गरिआएका छन्। उनले भने- लिम्बूभन्दा गैरलिम्बूका विद्यार्थी लिम्बू भाषा पढ्न उत्साहित देखिएका छन्। शिक्षक सेलिङले लिम्बू विद्यार्थीले लिम्बू भाषा पढ्न चाहे पनि अभिभावकले लिम्बू भाषा किन पढ्ने भन्दै पढ्न नै नदिएको तितो अनुभव बताए।

दमक नगरपालिका वडा नं. ७का वडाध्यक्ष भीमप्रसाद पौडेलले लिम्बू भाषा पढ्ने लिम्बू जातिका छोराछोरी कम भए पनि अन्य जातिका छोराछोरीले रुचिका साथ पढ्दै आएको देखेर खुशी व्यक्त गरे। कुनै समुदायको भाषा ती जातिको मात्र पेवा नभएको चर्चा गर्दै उनले भने- भाषाको माध्यमबाट अरुको शिक्षामा भएको हरेक मानवीय उत्प्रेरक ज्ञान, गुण र व्यवहार सिक्न सकिन्छ जो जीवन पद्धतिमा अत्यन्तै उपयोगी हुन सक्छ।

विद्यालयका प्रधानाध्यापक विष्णुकुमार राईले लिम्बू विद्यार्थी केही कम भए पनि अन्य जातिले राम्ररी लिम्बू भाषा पढ्दै आएकाले लिम्बू भाषासँग सम्बन्धित संघ-संस्था, भाषा अभियन्ता र स्थानीय सरकारले यस कार्यक्रमलाई सहयोग पुऱ्याउँदै जान सके मात्र भाषा प्रवर्द्धनमा टेवा पुग्ने बताए। मातृ भाषा पठनपाठनमा जोड दिँदै आएको संस्था किरात याक्थुङ चुम्लुङका पूर्व केन्द्रीय उपाध्यक्ष धीरेन लावतीले लिम्बू भाषा पढ्न लिम्बू जातिमा केही अरुची भएजस्तो देखिए पनि विस्तारै विस्तारै मोह बढ्दै आएको जिकिर गरे।

उक्त भाषा प्रवर्द्धनमा स्थानीय सरकारले टेवा पुऱ्याउन चासो दिनुपर्ने आवश्यकता औंल्याउँदै उनले मातृभाषाको संरक्षणमा सबैको योगदान हुन सकेमात्र भाषा जीवित हुने बताए । याक्थुङ् लेखक संघका कोषाध्यक्ष साङ्सेन पन्धाकले पृथ्वी माविमा अध्ययन गर्ने लिम्बू विद्यार्थीको आँकडा देखेर लिम्बू भाषाको मोह बढाउन जनचेतनामूलक कार्यक्रम सञ्चालन गरेर अभिभावकमाझ जानुपर्ने सुझाव दिए। वि.स. २०५८ देखि उक्त विद्यालयमा अनौपचारिक रुपले लिम्बू भाषाको आनीपान पाठ्यपुस्तक पठनपाठन हुँदै आएको छ। एक दशकभन्दा बढी समयसम्म स्थानीय नन्दा लिम्बूले भाषा प्रवर्द्धनमा टेवा पुऱ्याउन पारिश्रमिक बिना नै ऐच्छिक लिम्बू भाषाको कक्षा सञ्चालन गर्दै आएको बताइन्। पाठ्यपुस्तक भने दमकस्थित किरात याक्थुङ चुम्लुङले उपलब्ध गराउँदै आएको थियो।

लिम्बू समुदायको बाहुल्य रहेको सो विद्यालयमा अहिले नौ सबैभन्दा बढी विद्यार्थी अध्ययनरत् छन्। अंग्रेजी माध्यमबाट पठनपाठन हुँदैआएको उक्त विद्यालयमा ऐच्छिक भाषाको पढाइ थप प्रभावकारी बनाउन चासो दिनुपर्नेमा सरोकार भएका व्यक्तिले जोड दिएका छन्।

**शैक्षिक सामग्री हस्तान्तरण**

किरात याक्थुङ चुम्लुङले आफनो ३४औं स्थापना दिवसको अवसरमा दमक ७ मा रहेको पृथ्वी माध्यमिक विद्यालयमा ऐच्छिक लिम्बू भाषा अध्ययन गर्ने विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरेको छ।

सामुदायिक विद्यालयमा अध्ययन गरिरहेका ती विद्यार्थीको मनोवल उच्च बनाउन प्रोत्साहनस्वरुप ९० छात्रछात्रालाई कापी, कलम तथा भाषिक पाठ्यपुस्तकलगायत सामग्री वितरण गरिएको चुम्लुङ् जिल्ला अध्यक्ष सेसेहाङ् फियाकले जानकारी दिए। ती सामग्री चुम्लुङ झापा, चुम्लुङ दमक नगर शाखा र लिम्बू भाषा साहित्य प्रतिष्ठानको संयोजनमा वितरण गरिएको हो।

# ब्राइटको स्वास्थ्य शिविरमा ५०० जनाले सेवा लिए



**अर्जुनधारा, भदौ २१।** 'तपाईंको स्वास्थ्य नै हाम्रो चासो' भन्ने मुख्य नारासहित झापाको अर्जुनधारा-४ भाङ्बारीमा रहेको ब्राइट बिग्निङ एकाडेमीमा मंगलबार एक दिवसीय निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ।

विद्यार्थीहरुको स्वास्थ्यलाई मध्यनजर गर्दै उक्त कार्यक्रमको आयोजना गरिएको विद्यालयकी संस्थापक जीना ओलीले बताइन्। संस्थापक ओलीको अध्यक्षतामा आयोजित उक्त स्वास्थ्य शिविरको उद्घाटन कक्षा नर्सरीमा अध्ययनरत् विद्यार्थी अपूर्व भट्टराईको स्वास्थ्य परीक्षण गर्दै गरिएको थियो।

विद्यार्थी, अभिभावक र कर्मचारी गरी जम्मा पाँच सय जनाले सेवा लिएको शिविरमा डा. प्रमोदमान सिंह यादव, डा. मनिष उप्रेती र डा. संकल्प कार्कीले सहभागीहरुको स्वास्थ्य परीक्षण गरेको संस्थापक ओलीले जानकारी दिइन्।

विद्यालयका प्रधानाध्यापक प्रकाश ओलीले स्वागत गरेको उक्त कार्यक्रमको सञ्चालन संयोजक तुलसीप्रसाद चापागाँईले गरेका थिए। आगामी दिनमा अन्य किसिमका स्वास्थ्य शिविरहरु सञ्चालन गर्ने विद्यालयको कार्यतालिका रहेको छ।

# सडकमा फोहोर फ्याँकेपछि रात्री गस्ती

**दमक, भदौ २१।** झापाको दमक नगरपालिकाको मुख्यचोक बजारमा राति भएपछि फोहोर फ्याँक्नेहरुको पहिचान गर्नका लागि रात्री गस्ती शुरु भएको छ।

प्रत्येक दिन फोहोर संकलनका लागि सवारी साधनहरु जाने स्थलमा समेत रातको समयमा पूर्व पश्चिम महेन्द्र राजमार्गको छेउमा मुख्य बजार चोक आसपास नै फोहोर फ्याल्ने क्रम बढेपछि रात्री गस्ती शुरु गरिएको बताइएको छ।

नेक्स्टइरा इनर्जी प्रालिले दमकको फोहोर व्यवस्थापन गर्दै आएको छ। दैनिक ४० टनसम्म फोहोर उठाउन सकिने र मुख्य बजार तथा चोक क्षेत्रमा दैनिक रुपमा फोहोर संकलनका लागि गाडी जाने गरेको नेक्स्टइरा इनर्जी प्रालिका निर्देशक विमल खतिवडाले बताए। स्थानीय सरकारले बारम्बार फोहोर जथाभावी फ्याँक्ने कार्य रोक्नका लागि सार्वजनिक सूचना र कारवाही गर्न माग गर्दा ध्यान नदिएपछि आफै गस्तीमा निस्केर सम्झाइबुझाई गर्न थालिएको उनले जानकारी दिए।

दैनिक फोहोर उठाउन जान्छौं तर राति जथाभावी फोहोर फ्याँकेर नगरको सौन्दर्यमा असर पुगिरहेको छ- उनले भने। स्थानीय अभियानकर्मी तथा सरसफाइको क्षेत्रमा लागेका युवाहरुको सहयोगमा बेलुका ७ बजेदेखि राति ११ बजेसम्म आफूहरुले गस्ती शुरु गरेको उनले जानकारी दिए। फोहोर फ्याल्न आउनेहरुलाई सम्झाइबुझाई गर्दा गलत गरेको महशुस गरेर आइन्दा यस्तो नगर्ने र अरुलाई पनि गर्न नदिने प्रतिबद्धता जनाउने गरेको पनि खतिवडाले बताए।

कुखुरा तथा बिभिन्न पशुपन्छीका आन्द्राभुँडीदेखि लिएर होटलबाट निस्कने फोहोरसम्म छरपस्ट रुपमा सडकमा फ्याँक्ने गरेको पाइएको छ। अस्पतालजन्य फोहोरहरु समेत सडकमा रातको समयमा छ्याप्छ्याप्ती फ्याँकिने गरेको पाइएको सरसफाइको क्षेत्रमा लागेका अभियानकर्मीहरुले बताएका छन्।

युवा अभियानकर्मी जे. बिमलीका अनुसार दैनिक १५ देखि २० जनालाई फोहोर फ्याक्न आउँदा सम्झाएर बोकेर ल्याएको फोहोर घर नै फर्काइएको छ। प्रारम्भिक चरणमा उनीहरुलाई यसरी फोहोर फ्याक्नु हुन्न भनेर सम्झाईबुझाई गरेर पठाइएको पनि उनले बताए। स्थानीय सरकारले गर्नुपर्ने काम हो तर त्यहाँबाट केही नभएपछि हामी आफैं यो अभियानमा सरिक भएका छौं- उनले भने।

दमकमा फोहोरबाट मिथेन ग्यास उत्पादन गरेर सफल परीक्षण भइसकेको छ। कम्तीमा पनि दैनिक ४० टन फोहोर हामीलाई चाहिन्छ र संकलन गर्न तयार छौं- नेक्स्टइरा इनर्जी प्रालिका अध्यक्ष युवराज घिमिरेले भने। विहानको समयमा फोहोर सहज रुपमा घर-घर तथा टोल-टोलमा लिन आउने गरेका छौं अनि पनि यसरी मुख्य चोकमा फोहोर फ्याँक्नु लज्जास्पद कुरा हो- उनले भने।

# बजाजको 'बजाज आधाको आधा' अफर

**बिर्तामोड, भदौ २१।** बजाज कम्पनीले आफ्ना ग्राहकहरुलाई मध्यनजर गर्दै 'बजाज आधाको आधा' नामक ग्राहक योजना ल्याएको छ।




चाडपर्वलाई लक्षित गर्दै कम्पनीले ग्राहक लक्षित उपहार योजना ल्याएको जनाएको छ। जसअन्तर्गत ग्राहकले आफूले किन्न लागेको बाइकको मूल्यको आधाको आधा अर्थात् २५ प्रतिशत डाउनपेमेन्ट गरी बाइक लैजान सक्ने सुविधा उपलब्ध गराएको जनाइएको छ। यो योजना अन्तर्गत बाइकको खरिदमा सात हजार नगद छुटको समेत व्यवस्था गरिएको कम्पनीले जनाएको छ। हंशराज हुलास चन्द एण्ड कम्पनीद्वारा सञ्चालित बजाज कम्पनीले देशैभर आफ्ना कम्पनीमार्फत सवारीसाधन बिक्री गर्दै आएको छ।

# 'झिँगेदाउ'लाई सबैभन्दा बढी शो, 'प्रकाश' दोस्रो

नेपालको ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्सबाट पछिल्लो समय नेपाली निर्माताले मोटो शेयर हात पार्ने गरेका छन्। फिल्म हेर्नका लागि दर्शकहरुको पनि पहिलो रोजाई क्यूएफएक्स बन्ने गरेको छ। क्यूएफएक्समा दर्शकको उपस्थितिले देशभर फिल्मको अवस्था कस्तो छ भन्ने लगभग थाहा हुन्छ। त्यसैले पनि यो चेनमा फिल्म चलाउन र शो बढी पाउन निर्माताहरुको ठूलै दौडधुप हुने गर्छ।

क्यूएफएक्सले शो बाँडफाँडमा नेपाली फिल्ममाथि अन्याय गर्ने गरेको बेला बखतमा निकै सुनिन्छ। ठूलो विदेशी फिल्म आउँदा यो देखिएको पनि छ। तर, विदेशी फिल्म नचलेको अवस्थामा क्यूएफएक्सले काखी च्यापेरै भने बसेको छैन। यसको तात्तातो उदाहरण 'लाइगर' हो। शुरुवातमा आक्रामक शो दिएको क्यूएफएक्सले दर्शक नआएपछि यो फिल्मलाई खासै माया गरेको छैन।

यतिबेला क्यूएफएक्स चेन नेपाली फिल्मले भरिभराउ छ भने शोमा पनि नेपाली फिल्म अगाडि छन्। यो हप्ता क्यूएफएक्स चेनमा सबैभन्दा बढी शो पाउने फिल्म 'झिँगेदाउ' बनेको छ। पहिलो दिन २४ शो पाएको फिल्मलाई मंगलवार ३१ शो उपलब्ध गराइएको छ। क्यूएफएक्सले कलेक्सनको आधारमा शो बढाउने गरेको छ। यस हिसाबमा 'झिँगेदाउ'को व्यापार राम्रो रहेको बुझ्न सकिन्छ।

'झिँगेदाउ'पछि क्यूएफएक्समा बढी शो पाउनेमा अघिल्लो हप्ताको फिल्म 'प्रकाश' छ। पहिलो दिन १३ शो दिएको क्यूएफएक्सले दर्शकको चाप बढ्न थालेपछि शनिवारबाट ठूलो मात्रामा शो बढाएको थियो। पहिलो हप्ता क्यूएफएक्स चेनमा २५ देखि ३० को आसपासमा शो पाएको फिल्मलाई दोस्रो हप्ताको मंगलवार २२ शो छ। दोस्रो हप्तामा पनि यति ठूलो शो पाउनु अत्यन्त राम्रो हो।




'झिँगेदाउ'सँगै यो हप्ता प्रदर्शनमा आएको फिल्म 'सम्हालिन्छ कहिले मन'लाई क्यूएफएक्स चेनमा 'प्रकाश'भन्दा कम शो मिलेको छ। फिल्मले मंगलवार २१ शो पाएको छ। प्रदर्शनको पहिलो दिन यो फिल्म र 'झिँगेदाउ' लाई बराबर शो बाँडिएको थियो। अन्य राजधानीका मल्टीप्लेक्समा पनि 'झिँगेदाउ'को शो संख्या बढी छ। यसरी हेर्दा यो फिल्मप्रति दर्शकको आकर्षण बढेको देखिन्छ।

अब अघिल्लो हप्ताको 'प्रकाश' र यो हप्ताका 'झिँगेदाउ' र 'सम्हालिन्छ कहिले मन'लाई शुक्रवारबाट प्रदर्शन हुन लागेको बलिउड फिल्म 'ब्रम्हास्त्र' ठूलो चुनौति बन्न सक्नेछ। भारतमा रेकर्डतोड एड्भान्स बुकिङ मिलेको फिल्मले नेपालमा पनि आक्रामक कमाई गर्ने अनुमान गरिएको छ। शुक्रवारबाट दुई नेपाली फिल्म 'गोर्खा : बिनिथ द ब्रेभरी' र 'ऐना झ्यालको पुतली' पनि प्रदर्शन हुँदैछन्।

## पत्रकार ...

सुनिश्चित गरेको पत्रकारको अधिकारको सम्मान गरी यस्ता घटना नदोहोर्याउन सम्बन्धित पक्षको ध्यानाकर्षण समेत गराएको छ।

यसैबीच नेपाल पत्रकार महासंघ कालीकोट शाखाका पूर्वअध्यक्ष कालीबहादुर मल्ललाई समाचारको विषयलाई लिएर नेकपा एमाले कालीकोटका कार्यालय सचिव दानबहादुर शाहीले भौतिक कारवाहीको धम्की दिएको प्रति महासंघले आफ्नो ध्यानाकर्षण भएको जनाएको छ।

पत्रकार मल्ललाई अपशब्द प्रयोग गर्दै घाँटी छिनाई मार्ने धम्की दिएको प्रति महासंघले गम्भीर ध्यानाकर्षण भएको उल्लेख गरेको छ। प्रकाशित समाचारप्रति चित्त नबुझे या गुनासो भए त्यस उपर कानूनी उपचारमा जान सक्ने वैधानिक बाटो र स्थापित पद्धति हुँदाहुँदै पार्टीका जिम्मेवार व्यक्तिबाट पत्रकारलाई मार्ने धम्की दिनु अत्यन्त निन्दनीय भएको महासंघको विज्ञप्तिमा उल्लेख छ।

यसैबीच झापाका पत्रकारद्वय राजु पौडेल र नारायण अर्यालबिरुद्ध मेडिकल सञ्चालक प्रसाईंले लगाएको आरोपप्रति गम्भीर ध्यानाकर्षण भएको भन्दै गोर्खा मिडिया नेटवर्क प्रालिद्वारा सञ्चालित ग्यालेक्सी फोरके टेलिभिजनले विज्ञप्ति निकालेको छ।

समाचारको विषयमा चित्त नबुझे प्रेस काउन्सिलमार्फत उपचार खोज्न सक्ने कानूनी प्रावधान हुँदाहुँदै पत्रकारको मानमर्दन र चरित्र हत्याको दुष्प्रयास गरेको भन्दै टेलिभिजनले आफ्नो गम्भीर ध्यानाकर्षण भएको उल्लेख गरेको छ।

ग्यालेक्सी फोरके टेलिभिजनका प्रमुख कार्यकारी अधिकृत टीकाराम राईद्वारा हस्ताक्षरित विज्ञप्तिमा प्रसाईंले लगाएका आरोपहरुको छानविन गरी सम्बन्धित निकायमा कारवाहीको सिफारिस गर्न प्रेस काउन्सिल र पत्रकार महासंघसँग आग्रह समेत गरेको छ।

मेडिकल सञ्चालक प्रसाईले आफू अनुकूलको समाचार प्रकाशन नभएपछि पत्रकारमाथि विभिन्न समयमा लाञ्छना लगाउने र चरित्र हत्या गर्ने क्रम जारी राखेका छन्। उनले आफूबिरुद्धका समाचार प्रकाशन गरेमा त्यससँग सम्बन्धित पत्रकारबिरुद्ध लाञ्छना र आरोपहरु लगाउने गरेका छन्।

## श्रीमानविरुद्ध ...

मुलुकी अपराध संहिता ऐन २०७४मा उल्लेख गरिएको छ। श्रीमानले नै आफूलाई पटक-पटक करणी गर्ने गरेको भन्दै उजुरी दिएपछि प्रहरीले ति महिलाका श्रीमानलाई पक्राउ गरेको छ। तर, प्रहरीले श्रीमान र श्रीमतीको नाम भने सार्वजनिक गरेको छैन्।

घटना हो- सिन्धुलीको। सिन्धुलीको दुधौली नगरपालिकाकी निवासी ति महिलाले श्रीमानले आफू बिरामी र अशक्त भएको अवस्थामा इच्छा विपरीत यौनसम्पर्क गरेको भन्दै श्रीमानविरुद्ध करणीको मुद्दा दर्ता गराएकी हुन्। २०७२ सालमा उनीहरको विवाह भएको र २ जना छोरीहरू समेत रहेको प्रहरीले बताएको छ। मुद्दा दायर गर्ने महिलाका अनुसार श्रीमानले मादकपदार्थ सेवन गरी दिनहुँ कुटपिट गरी आफूलाई जबरजस्ती करणी गर्ने गरेको आराप लगाएकी छन्।

आरोपित श्रीमानलाई पक्राउ गरी अनुसन्धान भई एक हजार रुपैयाँ जरिवाना दिने शर्तमा फैसला भएको थियो। तर, जरिवाना तिर्न नसकेपछि उनलाई अहिले थुनामा राखिएको सिन्धुली प्रहरीले जनाएको छ। सिन्धुली प्रहरीको एक तथ्यांकका अनुसार आर्थिक वर्ष २०७८/०७९मा ४० वटा जवरजस्ती करणी, उद्योग १६, बहुविवाह १५, ३ वटा बाल यौन दुरुप्रयोग र २ वटा बालविवाहको मुद्दा दर्ता भएका छन्।

## टिकटक ...

क्रममा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले मोटरसाइकल चोरी गर्ने, पार्टपुर्जा विक्री वितरण गर्ने र चोरीको सामान किन्ने कार्यमा संलग्न उनीहरूलाई पक्राउ गरेको हो।

उनीहरूले मोटरसाइकल चालकसँग चिनजान गरी सम्बन्ध बनाउने र टिकटक बनाउने भन्दै मोटरसाइकल मागेर फरार हुने गरेको, चोरी गरी ल्याएको मोटरसाइकलहरू सिन्धुपाल्चोक मेलम्ची नगरपालिका-१३स्थित रावल लेथ एण्ड इञ्जिनिरिङ वर्कसपमा लगिदिने गरेको र मोटरसाइकलको पार्टपुर्जा अर्को मोटरसाइकलमा फेर्ने गरेको अनुसन्धानबाट खुल्न आएको छ।

## डेंगु ...

सांसद दिलकुमारी रावल थापा (पार्वती) ले देशभर करिब ३६ हजार संख्यामा सरकारी विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी विभिन्न माग राखी लामो समयदेखि संघर्षरत् रहेको भन्दै उनीहरुलाई तह अनुसारको पारिश्रमिक र सुविधा मिलाउन सरकारको ध्यानाकर्षण गराइन्। उनले मिटरब्याज पीडित नागरिकको समस्या समाधान गर्न पनि आग्रह गरिन्।

सांसद नन्दा चपाईंले काठमाडौं उपत्यकामा अव्यवस्थित अवस्थामा रहेका सवारीसाधनको व्यवस्थापन गर्न माग गरिन्। उपत्यकामा मात्रै एक हजार नौ सय ४९ थान सवारीसाधन अव्यवस्थित रहेको पाइएको र यसबारे दिगो व्यवस्थापनका लागि कानूनी रुपमा समाधानका लागि पहल गर्न आग्रह गरिन्।

सांसद डा. बिमला राई पौड्यालले जनताको करबाट तलब सुविधा लिने सार्वजनिक पदधारण गरेका सबै व्यक्ति जनताका सेवक हुन्, शासक होइनन् भन्दै पदीय जिम्मेवारीमा रहेका व्यक्तिले श्रमिकमाथि गरेको व्यवहारबारे माफी माग्नुपर्ने धारणा राखेकी थिइन्।


## कर्मचारी आवश्यकता

**प्रथम पटक प्रकाशित मिति २०७९।०५।१८**

**श्री लक्ष्मी वहुउद्देश्यीय सहकारी संस्था लिमिटेड,** विर्तामोड-४ का लागि देहाय बमोजिमका कर्मचारी आवश्यक परेकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट २०७९/०५/२५ गतेसम्ममा दरखास्त दिन हुन आव्हान गरीन्छ।

**विज्ञापन नं. ००१/२०७९/०८०**

| क्र.स. | पद | संख्या | योग्यता |
| --- | --- | --- | --- |
| १. | बजार प्रतिनिधि | २ | टेष्ट/एस.एल.सी. (Test/SLC) साथै सवारी चालक अनुमति पत्र अनिवार्य हुनुपर्ने छ। |

**आवश्यक कागजातहरु :**
१. हस्त लिखित निबेदन तथा बायोडाटा।
२. नेपाली नागरिकता प्रतिलिपि / PP Size फोटो १ प्रति।
३. सवारी चालक अनुमति-पत्रको प्रतिलिपि।
४. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि।

पदपूर्ति उपसमिति
**श्री लक्ष्मी वहुउद्देश्यीय सहकारी संस्था लि.,** सम्पर्क नं. : ०२३-५३०७३४


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

# विवेकपूर्ण अग्रसरताको खाँचो

**निर्वाचनको मिति नजिकिँदै जाँदा राजनीतिक दलहरु उम्मेदवार छान्ने दौडमा छन् । कतिपय जिल्लाले सम्भावित उम्मेदवारहरुको सूची सार्वजनिक गरेका छन् भने कति उम्मेदवारहरु निर्वाचन क्षेत्रमा सक्रिय हुन थालेका छन् । राजनीतिक दलहरुकै भूमिकामा देशको स्वाभिमान, स्वतन्त्रता र स्वाधीनताको रक्षा हुने कारणले पनि आसन्न निर्वाचनले कुन दललाई विश्वास गर्छ चासोको विषय रहन्छ । त्यसो त नेपालीले निर्वाचनको अभ्यास गरेको छ दशकभन्दा बढी भइसकेको छ, तर राजनीतिले अझै 'लय' समात्न सकेको छैन । जसका कारण प्रणाली नै परिवर्तन भएर संघीय गणतन्त्रात्मक व्यवस्थामा पुग्दा समेत जनताको जीवनस्तरमा सुधार हुनुको साटो झन्-झन् कमजोर बन्दै गएको छ । त्यसो हुनुका पछि दल, तिनका नेता र नेतृत्वको अक्षमता जिम्मेवार छ ।**

**देश र जनताको समृद्धि स्थिर सरकारबाट मात्र सम्भव छ भनेर नेपाली मतदाताले कुनै दललाई बहुमतमा पुर्‍याए । तर, नेतृत्वमा आएकाहरुले जनादेश र जनमतको सम्मान गर्न सकेनन् । परिणाममा सरकार पटक-पटक फेरियो र त्यसैलाई 'निहुँ' बनाएर दलहरुले फेरि पनि जनतालाई आश्वासन बाँडेर झुक्याउने काम गरिरहे । अहिले नयाँ संविधान जारी भएयता दोस्रो आम निर्वाचनको संघारमा छौं । त्यहीकारण राजनीतिक दलहरु निर्वाचन लक्षित गतिविधिमा सक्रिय छन् । निर्वाचनलाई युद्ध जस्तै ठान्ने दलहरु व्यक्तिलाभ र दलीय स्वार्थका लागि जस्तोसुकै सहमति र सम्झौता गर्न उद्दत देखिएका छन् ।**

**एकअर्कालाई सत्तोसराप गरेर दन्तबझानमा रमाएका दलका नेताहरु जो कोहीसँग तालमेल गर्न तयार हुनु अपवित्र गठबन्धनको उदाहरण हो । पहिला आफ्नो दलभित्रको विवाद र संघर्षलाई सम्बोधन गरेर निर्विवाद उम्मेदवार चयन नगरी अन्तर दल एकता कायम हुन सक्दैन । गठबन्धनका दलहरु त्यही अन्तर गठबन्धन संघर्षमा छन् र त्यसको सम्बोधनले मात्र साझा उम्मेदवार कायम हुन सक्छन् । यही समय नेकपा एमाले, नेपाली कांग्रेस नेतृत्वको गठबन्धनका दलहरु, राष्ट्रिय प्रजातन्त्र पार्टी, स्वतन्त्र लगायतका दल तथा समूहहरु उम्मेदवारी घोषणा गर्दैछन् । निर्वाचनका समय मालिक भनिने मतदाताले निर्वाचनपछि मालिक हुने दल र तिनका उम्मेदवारलाई बुझ्न, चिन्न र स्वतन्त्रतापूर्वक मताधिकार प्रयोग गर्न चुकियो भने त्यही गल्तीलाई सच्याउन फेरि पाँच वर्ष कुर्नुपर्ने हुन्छ । त्यसैले मतदाताको सचेतता, सजगता र संयमित निर्णय नै समुन्नत देश र समृद्ध जनताको आधार हो भन्ने बिर्सनु हुँदैन । अन्यथा ओरालो लागेको देशको अर्थतन्त्र, जनताको जीवनस्तर र राजनीतिजन्य विसंगतिहरुलाई 'बाटो'मा ल्याउन सकिने छैन ।**

# सिटौलाको एउटा निर्णयले फेरिएको राजनीति स्वरुप



कुमार भट्टराई

अघिल्लो संसदीय निर्वाचनमा पार्टीले उम्मेदवार बनाउने सवालमा प्रतिनिधिको कुरा उठ्दा झापा जिल्लामा कांग्रेसका सबैभन्दा शक्तिशाली व्यक्ति कृष्णप्रसाद सिटौलालाई समानुपातिक सूचीको एक नम्बरमा राखेको समाचार व्याप्त भयो । हामी आममान्छेले समाचार सुन्ने नै हो, देख्ने गरीको सूचना हेर्ने पनि हो । त्यही हेरेर र देखेर आ-आफ्नो धारणा बनाउने पनि हो ।

दलीय प्रणालीमा दलले पठाएका प्रतिनिधिहरु मध्येबाट नै अधिकांश निर्वाचित हुन्छन् । त्यो हुनुमा अधिकांश व्यक्ति कुनै न कुनै दलसँग आवद्ध भएकाले हो । दलको विधि, प्रक्रिया स्वीकार गर्छु भनेर पार्टीको सदस्य भएर बसेको हुन्छ । त्यसैले दलले पठाएको प्रतिनिधि मन परे पनि नपरे पनि उसलाई विजयी गराउन लागि पर्छ । किनकि त्यहाँ त्यो प्रतिनिधि व्यक्तिभन्दा पर पार्टीको प्रतिनिधि भएर उभिएको हुन्छ ।

सिटौलाको बारेमा समाचार आउनुमा राष्ट्रिय राजनीतिमा दलीय ध्रुवीयकरणले भूमिका खेलेको थियो । त्यसबेला एमाले र माओवादीले पार्टी एकता गर्ने गरी एजेण्डा अघि सारेर चुनावी समिकरण गरेका थिए । देशको ठूलो पार्टी भएको कांग्रेस एकाएक दबावमा परेको थियो । कुनै साना दलसँग मिलेर भए पनि आफ्नो अस्तित्व बचाउने तर्फ ऊ केन्द्रित थियो । अर्थात् कांग्रेस रक्षात्मक अवस्थामा पुगेको थियो ।

त्यसै सिलसिलामा देशभरि नेपाली कांग्रेसले कमल थापाको नेतृत्व भएको राप्रपासँग पनि तालमेल गरेको थियो । त्यो तालमेलकै क्रममा झापाको ३ नम्बर क्षेत्र (जहाँ कृष्ण सिटौला त्यसअघि छ पटक चुनाव लडेका थिए, तीन पटक जितेका र तीन पटक हारेका पनि थिए) राप्रपाका राजेन्द्र लिङ्देनलाई छाड्नुपर्ने भयो । जहाँ राप्रपा कांग्रेसपछिको दोस्रो शक्तिको रुपमा उदाउँदै थियो ।

कृष्ण सिटौलाको नाम समानुपातिकको सूचीमा आएपछि उनी विदेशतिर गएको भन्ने समाचार सुनियो । उनी आएको समाचार पनि सुनियो । आफू समानुपातिकमा बस्ने कुरा मिथ्या हो भन्ने पनि सुनियो । त्यसअघि देउवासँगको सहमतिमा समानुपातिक बसेको भन्ने समाचारमा एकाएक उनको सहमति बेगर देउवाले राखेको भन्ने पनि सुनियो । हुँदाहुँदा झापा ३ नम्बरबाट कृष्ण सिटौला प्रत्यक्षतर्फ चुनाव लड्ने भन्ने सुनियो । त्यसपछि देशभरि तालमेल भएको राप्रपासँग झापामा तालमेल टुटेको समाचार सुनियो । अनि एकाएक नयाँ समिकरणको सूचना बाहिर आयो, झापा जिल्लामा राप्रपा समेत एमाले-माओवादीसँग तालमेल गरेर कांग्रेसका विरुद्ध चुनावी मैदान तयार भयो ।

आममान्छे समाचार हेर्ने र घटना-परिघटनाको विश्लेषण गर्ने मात्र हो । निर्णय प्रक्रियामा उसको कुनै हात हुँदैन । जनता के चाहन्छन् भन्ने नेताहरुले बुझ्दैनन् । उनीहरुको वरपरको एउटा साँघुरो घेरा सधैं हुन्छ, जसले नेतालाई खुशी पार्न खुशी हुने विषय मात्र सुनाउँछ । झापामा एकाएक त्यस्तै भयो ।

समाचार फेरि पढियो, कृष्ण सिटौलाले- 'जुन प्रणालीको विरुद्ध आन्दोलन गरेर गणतन्त्र स्थापना गरियो, त्यहीसँग साझेदारी गरेर ३ नम्बर क्षेत्रका कांग्रेसीहरुले राप्रपालाई भोट हालेर सिद्धान्तको खिल्ली नउडाउने भन्नुभयो ।'

बजारमा अर्को हल्ला आयो ।खासमा एमालेका केपी ओलीलाई जिताउन कृष्ण सिटौलाले झापामा राप्रपासँगको तालमेल तोडेका हुन् । विगतमा झापाका कुमाइहरुबीच भएको एकअर्कालाई जिताउने सहमति अनुसार यो भएको हो । झापामा कृष्ण सिटौला र केपी ओली दुबै हार्दैनन्, एकअर्कालाई जिताउँछन् ।

अनुमान माथि भनिएको जस्तै थियो । किनभने राप्रपासँग तालमेल नगर्दा ५ नम्बर क्षेत्रबाट केपी शर्मा ओलीको विजयमाथि प्रश्नचिन्ह ठडिएको थियो । त्यहाँ एमाले पहिलो, राप्रपा दोस्रो, कांग्रेस तेस्रो र माओवादी चौथो मतभारमा थिए । कांग्रेसको राप्रपासँगको झापा समिकरण टुट्नु केपी ओलीको लागि हर्षको विषय थियो । राप्रपाले ५ नम्बर एमालेलेलाई सघाएर ३ नम्बरमा आफूले लियो । राप्रपाको तालमेल दुबै पार्टीलाई फाप्यो । केपी ओली र राजेन्द्र लिङ्देन दुबै विजयी भए । झापामा कांग्रेस शून्य भयो ।

कृष्ण सिटौलाको प्रत्यक्ष निर्वाचन लड्ने एउटा निर्णयले के-के भयो त ? प्रश्न यहाँनेर छ । पहिलो त राप्रपालाई सधैंको लागि एमाले नजिक पुर्‍याइ दियो । अहिलेको निर्वाचनमा पनि झापामा राप्रपा एमालेसँगको गठजोडमा व्यस्त छ । दोस्रो जीतको नजिक भएका झापाका १, २ र ५ नम्बर क्षेत्र हातबाट उम्किए गयो ।

त्यो भन्दा ठूलो कुरा, देशको राजनीतिमा नयाँ समिकरणको निर्माण गर्‍यो । जितेपछि केपी ओली प्रधानमन्त्री भए । नेपाल कम्युनिष्ट पार्टी बन्यो, संसद झण्डै दुईतिहाइको नजिक पुग्यो । ठूलो दलभित्र संगठन र सरकार चलाउने गरी भएका सहमति पूरा नभएको भनेर द्वन्द्व शुरु भयो । पार्टी फुट्यो, संसद विगठन भयो, मुद्दा पर्‍यो । अपर्याप्त सांसद संख्या भएको कांग्रेसलाई कम्युनिष्टहरुले नै पुनः सरकारमा पुर्‍याए ।


अगाडि हेर्ने भएर पछाडिका कयौं घटनाहरु हामी बिर्सिन्छौं । तर, यसरी सोचौं, यदि त्यो निर्वाचनमा केपी ओली पराजित भएको भए देशको आजको राजनीतिक संरचना कुन प्रकारको हुन्थ्यो ? यो अवस्था आउनमा कृष्ण सिटौलाले पार्टीभित्र बसेरको निर्णय लत्याउँदाको परिणाम हो कि होइन । यदि पहिला हामीले सुनेका समाचार सत्य हुन् भने ।

कृष्ण सिटौलाले किन त्यसो गरे होलान् ? थुप्रै अनुमान र सत्यहरु छन् । एक दिन केशवकुमार बुढाथोकीले अनौपचारिक सम्वादका रुपमा मलाई भन्नुभयो- ''र' का एकजना एजेन्ट आएर कृष्णप्रसाद सिटौलालाई हराउनुपर्छ भनेर गएका थिए चुनावका बेलामा ।' त्यसको कारणको रुपमा भारतको इच्छा विपरीत संविधान घोषणा गर्न सुशिल कोइरालालाई रोक्नुको सट्टा उनी समेत लागेर संविधान लागू गराएका थिए भन्ने भारतीयलाई परेको रहेछ ।

अर्को कुरा, गणतन्त्र स्थापनाको बेलामा कृष्ण सिटौला गृहमन्त्री थिए । राजा ज्ञानेन्द्रलाई गद्दीच्युत गर्न गृहमन्त्रीको हैसियतले उनी आफै पुगेका थिए । राजा ज्ञानेन्द्र उनीप्रति खुशी हुनपर्ने कुनै कारण छैन । उनलाई सधैं डर रहन्छ, झापामा बसेर ज्ञानेन्द्रले उनको विरुद्धमा मान्छेहरु प्रयोग गर्नेछन् । त्यसमाथि पनि राप्रपासँग तालमेल सिटौला आफैले टुटाउनु उनीहरुका लागि अझ सजिलो बाटो बन्यो ।

यस विषयमा लामो बहस गर्न सकिन्छ । तर, मैले उठान गर्न खोजेको विषय यो होइन कि कसले जित्यो, कसले हार्‍यो । मैले भन्न खोजेको एउटा मात्रै कुरा छ- शक्तिमा भएका एउटा नेताको गलत निर्णयले राज्यले कस्तो दुर्दशा भोग्नु पर्दोरहेछ । आज फेरि एउटा त्यस्तै जटिल मोडमा पुगेको छ देश । निर्वाचनको मुखमा छौं हामी । ज्यानमाराहरु, गुण्डा नाइकेहरु, भ्रष्टाचारीहरु, राजनीतिमा मार-काट भन्नेहरु, सेवाभावभन्दा बढी पैसाको अभिमान भएकाहरुलाई पार्टीका तर्फबाट निर्वाचनमा उम्मेदवार बनाउन सिफारिस भइरहेका छन् । दलका शिर्षनेताहरुलाई भोलि प्रधानमन्त्री हुनुछ । त्यसैले पैसा र शक्तिको जोहो गर्न लागेका छन् । हामी आममान्छेहरुले मात्र माटोको माया गरेर पुग्दैन । हाम्रा दैनिकीहरुमा तपाईहरुको निर्णयले ठूलो प्रभाव पार्छ । चारघेराबाट बाहिर निस्किएर सभ्य र भव्य समाज निर्माणमा नेताहरुले सही निर्णय गरिदिए पुग्थ्यो भन्ने मात्र हो ।

*kubha001@yahoo.com*



# चट्याङ : चुनौति कि अवसर ?



पूर्णबहादुर परियार

वर्षात् अगाडि आकाशमा बिजुली मिल्कनु सामान्यतयाः पहिलो संकेत हो जुन ठूलो आवाजले गर्जन्छ । मानव तथा सम्पूर्ण प्राणीहरूलाई तर्साउँछ, जसलाई हामी चट्याङ भन्छौं । चट्याङ इलेक्ट्रोनहरूको धेरै ठूलो स्पार्क हो जुन एक ठाउँबाट अर्को ठाउँमा छिट्टै सर्छ । इलेक्ट्रोनहरू एटमको नकारात्मक रूपमा चार्ज हुने भागहरू हुन् । तिनीहरू परमाणुको वरिपरि घुम्छन्, जुन सकारात्मक (पोजिटिभ)रूपमा चार्ज हुन्छ । मानव आँखाले देख्न नसकिने इलेक्ट्रोनहरू धेरै साना हुन्छन् । जब चट्याङ प्रहार हुन्छ, तब इलेक्ट्रोनहरू उच्च गतिमा हावामा घुम्छन् कि तिनीहरू यति बिघ्न उच्च गतिमा दौडन्छ कि हावामै ज्वाला उत्पन्न हुन्छ । तपाईंले आकाशमा देख्नुभएको रेखा हावाबाट इलेक्ट्रोनहरू दौडिरेहेको मार्ग हो ।

**चट्याङ मूलतः** धेरै सकारात्मक (पोजिटिभ) चार्ज भएका क्षेत्रहरूबाट धेरै नकारात्मक (नेगेटिभ) चार्ज भएका ठाउँहरूमा प्रवाह हुने विद्युतीय प्रवाह हो । चट्याङमा धेरै आधारभूत चरणहरू छन् । पहिलो, स्थिर बिजुली गर्जनको बादलभित्र बनाउँछ र जमिनलाई सकारात्मक चार्ज बनाउँछ अर्को, इलेक्ट्रोनहरूको सानो नकारात्मक चार्ज स्ट्रिम जमिनमा सकारात्मक इलेक्ट्रोनहरूतर्फ तल सर्छ । जब त्यो धार जमिनको नजिक पुग्छ, सकारात्मक चार्ज उफ्रन्छ र जोडिन्छ । सकारात्मक चार्जहरू माथितिर जान जारी राख्छन्, एक शानदार फ्ल्यास सिर्जना गर्दछ । यो फ्ल्यास सामान्यतयाः नानो सेकेन्डभन्दा पनि सानो हुन्छ । तर, चट्याङ भने एक लाख माइल प्रतिसेकेन्डको गतिमा दौडन्छ ।

**चट्याङ मूलतः तीन प्राथमिक प्रकारहरू छन् :** बादलसँग बादल (इन्टर-क्लाउड वा आईसी), एक बादलबाट अर्को बादल (क्लाउड टु क्लाउड, सी सी) र अन्त्यमा बादल र जमिन (क्लाउड टु ग्राउन्ड सिजी) । यद्यपि चट्याङ प्रायः गड्याङगुडुङ गर्जनको साथमा हुन्छ, केही टाढाको मिल्केको देख्न सकिन्छ । तर, धेरै टाढाको लागि गर्जन नै सुन्नुपर्छ ।

चट्याङ विश्वभर एक सेकेन्डमा लगभग ४०-५० पटक हुन्छ, जसको परिणामस्वरूप प्रति वर्ष लगभग १.४ बिलियन पटक आकाश मिल्किन्छ । हामी प्रायः गरी चट्टयाङलाई बेवास्ता गर्छौं । तर, यो पनि प्राकृतिक प्रकोप नै हो र रोगब्याध, बाढी, पहिरो, आगलागीभन्दा पनि मृत्युदर यही प्रकोपबाट नै धेरै भएको छ । २०११ देखि २०२० सम्मको (भूकम्प बाहेक) प्राकृतिक प्रकोपबाट भएको मृत्युदर (स्रोतः रोनाल्ड होल र नेपाल सरकार, गृह मन्त्रालय)

**तथ्य र तथ्यांक**

- चट्याङले वर्षेनि दर्जनौं मानव र प्राणीहरूको ज्यान लिनुका साथै हजारौंलाई घाइते बनाइरहेको छ ।
- अमेरिकाका घना जङ्गलमा एकाएक आगलागी पनि चट्याङबाट नै हुने गर्दछ ।
- मौसम भविष्यवाणी सुन्ने आदत नगरेमा जो कोही पनि चट्याङको सिकार हुन सक्ने प्रबल सम्भावना बढ्दै गएको छ ।
- चट्याङका दुर्घटना मनिसहरू घर बाहिर हुँदा बढी मात्रामा हुने गरेको पाइएको छ । घरमा हुँदा घाइते हुने र उपचार हुन सक्ने प्रबल सम्भावना हुन्छ ।

**बच्नलाई के गर्ने ?**

- घर बाहिर हुनुहुन्छ र गड्याङ्गगुडुङ्ग आवाज सुन्ने बित्तिकै सुरक्षित पूर्वाधारको खोजी गर्नुहोस् ।
- रुखबाट टाढाको बार या खम्बामुनि घोप्टो पर्नुहोस्, सो ठाउँ बाढी आउँदा पनि सुरक्षित होस्, खोला या नदी किनार नहोस् ।
- जङ्गलभित्र हुनुहुन्छ भने ठूला रुखहरू होइन, साना रुखमुनिको ओत लाग्नुहोस् ।
- दुबै खुट्टा खुम्च्याएर दुई तिघ्राको बीचमा टाउको राख्नुहोस् र सकेसम्म जमिनमा टाँसिनुहोस् ।
- गहिरो खाडलमा नजानुहोला, पानी माथि होइन, पहरा र भिरमुनिको जग्गा होइन, ओभानो र समथर जमिन रोज्नुहोला ।
- पौडदै हुनुहुन्छ या डुङ्गामा हुनुहुन्छ भने जतिसक्यो छिटो सुरक्षित पूर्वाधार खोज्नुहोस् ।

**घरभित्र नै हुनुहुन्छ भने के गर्ने, के नगर्ने ?**

- बाथरुम प्रयोग नगर्नुहोस्, ननुहाउनुहोस् ।
- अत्यावश्यक नभए टेलिफोन प्रयोग नगरौं, मोबाइल पनि ।
- बिजुलीका सम्पूर्ण प्लगहरू निकाल्नुहोस् ।
- टिभीका केबलहरू पनि टिभीबाट छुट्याउनुहोस् ।
- घर तथा पूर्वाधारहरूमा गुणस्तरीय सुरक्षा प्रणाली जडान गर्ने ।

**चट्याङ सुरक्षा प्रणाली (लाइटि्नङ प्रोटेक्सन सिस्टम)ः** चट्याङको शक्तिशाली बज्रले भवनहरूमा आगो सल्किन सक्छ, विद्युतीय उपकरणहरूमा क्षति पुर्‍याउन सक्छ र मानव र पशुधनलाई करेन्ट लाग्न सक्छ । सामान्यतयाः, चट्याङले छतमा रहेको धातुको वस्तुलाई, भवनमा सिँधै प्रहार गरी, नजिकैको रूख वा संरचना मा ठक्कर दिएर भवनमा प्रवेश गर्छ र नजिकैको भवनमा हाम फाल्छ वा बिजुलीको लाइन वा तारमा प्रहार गर्दछ । तपाईंले चट्याङ संरक्षण प्रणाली स्थापना गरेर आफ्नो पूर्वाधार वा संरचनाहरू सुरक्षित गर्न सक्नुहुन्छ । प्राकृतिक प्रकोप भनेको जहिले पनि नियन्त्रण बाहिर नै हुन्छन् । कुनै पनि उपकरणले १०० प्रतिशत सुरक्षा ग्यारेन्टी दिन सक्दैनन् । सबैभन्दा राम्रो नीति भनेको सावधानी अपनाउनु हो ।

**सर्ज प्रोटस्क्सन डिभाइस (एस.पि.डी.)ः** आफ्नो घर तथा पूर्वाधारहरूमा विद्युतको भोल्टेज घटबढ हुँदा सन्तुलन गर्ने उपकरणहरू जडान गर्नुपर्दछ । ता कि अन्य विद्युतीय उपकरणहरूमा क्षति नपुगोस् । नेपालभरिका हरेक आवास गृह, व्यापारिक भवन, कलकारखाना र पूर्वाधारहरूमा सुरक्षा उपकरणहरू अनिवार्य प्रयोग र नियमित अनुगमन अत्यावश्यक छ ।

**अर्को पाटो**

आज विश्वभर विद्युत् संकटको चर्चा छ र धेरै आविष्कारका प्रयास र आविष्कारहरू भएका छन् । तर, तिनीहरूको भविष्य ऊर्जा स्रोतहरूको उपलब्धता नहुनुको साधारण तथ्यका कारण नवप्रवर्तनहरू खतरामा परेका छन् । तर, हाम्रो व्यक्तिगत दृष्टिकोण कुरा यो हो कि प्रकृतिले हामीलाई प्रशस्त मात्रामा विकल्पहरू प्रदान गर्दछ र हामी तिनीहरूलाई प्रयोग गर्दैनौं । मानव जातिले कम प्रयोग गरेको एउटा यस्तो व्यावहारिक विकल्प हो बिजुलीको शक्ति ।

सन् १९८० को दशकको उत्तरार्द्धदेखि, चट्याङबाट ऊर्जा सङ्कलन गर्ने सम्भावनाको खोजी गर्न धेरै प्रयास भएका छन् । जबकि बिजुलीको एक चट्याङको प्रहारले ठूलो मात्रामा ऊर्जा बोक्छ (लगभग पाँच बिलियन जुल वा लगभग एक सय ४५ लिटर पेट्रोलमा भण्डारण गरिएको ऊर्जा) र चट्याङको बज्रमा अधिक मात्रामा ऊर्जा हुने गर्छ । आँकडा नै भन्नुपर्दा १० हजार एम्पेयरदेखि २० हजारसम्म हुने गर्छ र त्यस्तै तापक्रम पनि भयानक हुने गर्दछ । उच्च तापक्रमको चर्चा गर्नुपर्दा ५५ हजार फरेनहाइटसम्म हुने गर्छ जुन सूर्यको सतहको ५ गुणा हो ।

**छोटो अवधिमा (मिलिसेकेन्ड)ः** अत्यधिक उच्च विद्युत् शक्ति पैदा गर्दछ । प्रसिद्ध वैज्ञानिक निकोलस टेस्लाले चट्याङ सम्बन्धी खोज गरेका थिए र उनको खोजले भन्छ कि चट्याङमा रहेको ऊर्जालाई पानीबाट हाइड्रोजन उत्पादन गर्न वा द्रूत रूपमा तात्ने ऊर्जाको रुपमा प्रयोग गरिन्छ । विगतका केही दिनदेखि काठमाडौं विश्वविद्यालयले हाइड्रोजन उत्पादनमा खोजी र अनुसन्धान गरिरहेको छ भन्ने खबर सुन्न र देख्न पाइन्छ । अहिले विश्व सस्तो र हलुका ऊर्जा सञ्चय गर्न सकिने उपकरण आविष्कारको खोजीमा लागिरहेको अवस्थामा हाम्रा विद्यार्थीहरूका लागि पनि खोज र अनुसन्धानको विषय हुनसक्छ । हजारौं माइलको यात्रा पनि एक पाइलाबाट नै शुरु हुने हो । नेपालका सबै विश्वविद्यालयहरूले यस्ता विषयहरूलाई खोज र अनुसन्धानको विषय बनाओस् र नेपालले पनि पहिचान बनाउन सकोस् ।

अन्त्यमा, नेपाल जस्तो मुलुकले चट्याङबाट उत्पादित ऊर्जालाई कैद गरी हाइड्रोजन उत्पादन गर्ने सोचलाई खराब सपना हुन सक्ला । तर, भोलि कुनै मुलुकका वैज्ञानिकले यो प्रमाणित गरेमा नौलो मानिरहनु पर्दैन । पञ्चतत्व (आकाश बाहेक), पृथ्वी, वाय, जल, अग्नि सबै ऊर्जा हुन् । चट्याङलाई ऊर्जामा रूपान्तरण गर्न सकियो भने आकाश पनि ऊर्जाको स्रोत बन्न सक्छ, बन्नुपर्छ । *इ-कागज*

## मारवाडी सेवा समितिमा मित्तल



**बिर्तामोड, भदौ २१।** मारवाडी सेवा समिति बिर्तामोडको अध्यक्षमा मोहन मित्तल चयन भएका छन् ।

संस्थाको बिर्तामोडमा भएको अधिवेशनले मित्तलको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो । नवगठित समितिको उपाध्यक्षमा विजयकुमार गोयल (चुनचुन) सचिवमा दीपक मित्तल, सह सचिवमा सुमित साहेवाला, कोषाध्यक्षमा इन्द्रचन्द अग्रवाल (विन्दल) रहेका छन् ।

त्यस्तै सदस्यहरुमा महेन्द्रकुमार पोद्दार, वजरंग अग्रवाल, जगदीश मित्तल, प्रमोद वंशल, वेदप्रकाश मित्तल, प्रदिपकुमार अग्रवाल (व्याट्रीवाला) सञ्जयकुमार अग्रवाल रहेको प्रमुख निर्वाचन अधिकृत शिवकुमार अग्रवालले जानकारी दिए ।

## दशनामी समाज बचत समूहको सभा




**बिर्तामोड, भदौ २१।** नेपाल दशनामी समाज अर्जुनधारा नगरपालिका-११ मा रहेको नेपाल दशनामी समाज समूहको चौथो साधारण सभा एवम् बचत कार्यक्रम सम्पन्न भएको छ ।

समाजका अध्यक्ष राधेश्याम गिरीको अध्यक्षतामा भएको समूहको वार्षिक उत्सव तथा साधारणसभामा सम्पन्न भएको हो ।

नेपाल दशनामी समाजका केन्द्रीय सदस्य लवकुश गिरीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा, प्रदेश १ अध्यक्ष चन्द्रप्रसाद गिरी, क्षेत्रीय अध्यक्ष होमनाथ पुरी, क्षेत्रीय सदस्य सूर्यप्रसाद गिरी, दशनामी समाज सदस्य नेकपा एमाले वडा नम्बर ११ महिला सदस्य सुशीला गिरी लगायतले दशनामी समाज समूहले गरेको प्रगतिबारे प्रकाश पार्दै भविष्यमा नेपाल दशनामी समाजले अझ धेरै राम्रो काम गर्नेमा आफूहरु ढुक्क रहेको बताए ।

सभामा समाजका अध्यक्ष गिरीले आर्थिक प्रतिवेदन साथै आयव्ययको प्रतिवेदन समेत प्रस्तुत गरेका थिए ।

नेपाल दशनामी समाज समूहको पृष्ठभूमिसहित समाजका गतिविधिबारे प्रकाश पार्दै अध्यक्ष गिरीले समाजका हरेक सकारात्मक कामलाई समाजले अंगिकार गर्दै अघि बढ्ने बताए । कार्यक्रमको सञ्चालन जिल्ला सदस्य गणेश गिरीले गरेका थिए ।

# डाँफे सहकारीको सभा सम्पन्न

**दमक, भदौ २१।** दमक-५ स्थित डाँफे सामुदायिक बचत तथा ऋण सहकारी सस्था लिमिटेडले पत्रकार विनोद सापकोटासहित विभिन्न विधाका व्यक्तिलाई सम्मान गरेको छ ।

संस्थाको १५औं वार्षिक साधारणसभाको अवसर पारेर दमकको कस्मिक पार्टी प्यालेसमा डाँफे सहकारी पत्रकारिता पुरस्कारबाट पूर्वाञ्चल दैनिकका पत्रकार सापकोटा सम्मानित भएका हुन् । उनलाई राष्ट्रिय सहकारी महासंघका केन्द्रीय उपाध्यक्ष रमेश पोखेल र संस्थाका अध्यक्ष तुलाराम न्यौपानेले नगद पाँच हजार एक सयसहित सम्मानपत्र र दोसल्लाले सम्मान गरेका थिए ।

पत्रकार सापकोटासहित साधारणसभाले उक्त सहकारी संस्थामा आबद्ध ज्येष्ठ सदस्य सम्मान पुरस्कारतर्फ ऋतुप्रसाद खनाललाई नगद दुई हजार एक सय एक रुपैयाँसहित सम्मान गरेको छ । त्यस्तै लामो समयदेखि संस्थामा कार्यरत कर्मचारी हेमराज काफ्लेलाई नगद नगद एक हजार एक रुपैयाँसहित सम्मान गरिएको छ ।



सम्मानित पूर्वाञ्चलकर्मी विनोद सापकोटा ।

झापाको धरमपुर, गौरादह, बुद्धशान्ति, बिर्तामोड, सुरुङ्गामा संस्थाले सेवाकेन्द्र सञ्चालन गरेको छ । २०६४ सालमा स्थापना भएको उक्त सहकारी संस्थामा हालसम्म सात हजार दुई सय ८६ जना सदस्य रहेका छन् । संस्थाले आर्थिक मन्दिका अवस्थामा समेत सदस्यको माया र विश्वासका कारण यस वर्ष ७३ करोड ८२ लाख ४५ हजार पाँच सय २१ रुपैयाँ कारोवार गरेको संस्थाका अध्यक्ष न्यौपानेले बताए ।

संस्थाको वस्तुगत अवस्थाका बारेमा जानकारी दिँदै उनले सदस्यसँगको दिगो सम्बन्ध स्थापित गर्दै सामुदायिक विद्यालयमा अध्ययनरत् विपन्न सदस्यका दुई जना विद्यार्थीको शैक्षिक अभिभावकत्व ग्रहण गर्ने सस्थाले नीति लिएको बताए ।

त्यस्तै बीमा बचत, शैक्षिक सम्मान कार्यक्रम, ग्रिन कार्ड, उद्यमशीलता पुरस्कार लगायतका कार्यक्रम थप गरिएको संस्थाका अध्यक्ष न्यौपानेले बताए । कोभिड लगायत आर्थिक तरलताले मलुकको अर्थतन्त्र धरासायी भइरहेका बेला पनि संस्थाले एक करोड ६५ लाख चार सय १८ रुपैयाँ खुद मुनाफा गरेको छ । नाफाबाटै संस्थाका लगानीकर्ताले १० प्रतिशत बोनस पाउने भएका छन् । यो सहित थप तीन प्रतिशत संरक्षित पूँजी कोषबाट कारोबारको आधारमा सदस्यले बोनस पाउने छन् ।

संस्थाका लेखा समिति संयोजक हेमचन्द्र खनालले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । उनको प्रतिवेदनले अघिल्लो वर्षको तुलनामा संस्थाले यो वर्ष ३२ प्रतिशत बढी नाफा आर्जन गरेको देखाएको उल्लेख छ ।

कार्यक्रम संस्थाका सचिव लीलानाथ खनालले सञ्चालन गरेका थिए भने उपाध्यक्ष सन्तोषकुमार श्रेष्ठले स्वागत गरेका थिए । कार्यक्रममा कञ्चनजंघा बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष मणि भण्डारी, राष्ट्रिय सहकारी बैंक दमक शाखाकी प्रमुख मुना केसी, बचत तथा ऋण सहकारी संस्थाकी केन्द्रीय सदस्य गोमा नेपाल लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

## उपभोक्ता समिति गठनका लागि छलफल

**कमल, भदौ २१।** कमल गाउँपालिका-३ वडा कार्यालयले उपभोक्ता समिति गठनका लागि टोल विकास संस्थाका प्रतिनिधिसँग छलफल र अन्तरक्रिया सम्पन्न गरेको छ ।

कमल गाउँपालिकाको ११औं गाउँसभा बैठकबाट चालू आर्थिक वर्षका लागि पास भएका नीति तथा कार्यक्रम अन्तर्गत वडा नम्वर ३ मा परेका योजना कार्यान्वयनका लागि टोल विकास संस्थाका प्रतिनिधिसँग अन्तरक्रिया तथा छलफल गरेको हो । गाउँकार्यपालिको बैठकको निर्णय अनुसार भदौ मसान्तसम्ममा उपभोक्ता समिति गठन गरी



सक्नुपर्ने निर्णय भए अनुसार वडा कार्यलयले टोल विकास संस्थाका प्रतिनिधिसँगको छलफल तथा अन्तरक्रियालाई तीव्रता दिएको हो ।

गाउँसभा बैठकबाट चालू आर्थिक वर्षका लागि पास भएका कार्यक्रम अन्तर्गत वडा नम्वर ३ का विभिन्न गल्ली तथा बाटाको स्तरोन्नति गर्नुपर्ने भएकोले ती बाट तथा गल्लीसँग जोडिएका उपभोक्ताहरुको भेलाबाट उपभोक्ता समिति गठन गरी काम शुरु गर्नुपर्ने भएकोले त्यसको समन्वयनकारी भूमिकामा रहेको टोल विकास संस्थाका प्रतिनिधिसँग छलफल र अन्तरक्रिया गरिएको वडाध्यक्ष अग्निप्रसाद कोइरालाले बताए ।

# कर वृद्धि भएको भन्दै नगरपालिकालाई ध्यानाकर्षण पत्र

**पथरीशनिश्चरे, भदौ २१।** पथरीशनिश्चरे नगरपालिकाले नगरभित्र सञ्चालनमा रहेका भेटेरिनरी पसल दर्ता र नवीकरणमा अत्याधिक कर वृद्धि गरेको प्रति नेपाल पाराभेटेरिनरी एण्ड लाइभष्टक एसोसिएसन पथरीशनिश्चरेले नगरपालिकालाई ध्यानाकर्षण गराएको छ ।

नगरपालिकामा उपप्रमुख देवीमाया काफ्लेलाई एसोसिएसनका नगर अध्यक्ष अर्जुन काफ्लेसहितको टोलीले ज्ञापनपत्र बुझाएको हो । नगर सभाले नगरभित्र सञ्चालित भेटरीनरी तथा कृषि सामग्री पसल नवीकरण गर्न अघिल्लो बर्षको भन्दा २५० प्रतिशत कर वृद्धि गरेको र कर वृद्धि वैज्ञानिक नभएको ज्ञापनपत्रमा उल्लेख गरिएको छ । कर वृद्धि उचित समायोजन गर्न माग गरिएको छ । कृषि तथा पशुपालन क्षेत्रमा काम गरिरहेका प्राविधिकहरु पलायन गराउने तथा कृषकलाई प्रत्यक्ष असर पर्ने कार्य नगर्न समेत ध्यानाकर्षण गरिएको अध्यक्ष काफ्लेले बताएका छन् ।

**पत्रिका समयमा पाउनु भएको छैन ?**

**मो. ९८०७९१०२२२**
पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस् ।

भाका भूल क्षमा दया र ममता, सन्तोष जान्दैन त्यो ।
थुप्रो उधिनी मिठो र नमिठो, रोजेर छान्दैन त्यो ।
इन्दै विन्ती गरुन् झुकेर पदमा त्यो विन्ती मान्दैन त्यो ।
आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो।

## भावपूर्ण श्रद्धाञ्जली/समवेदना



जन्म
वि.सं. २०११
माघ १० गते

स्वर्गारोहण
वि.सं. २०७९
भदौ १७ गते

**स्व. सीम्मा राई गोम्देन**

अर्जुनधारा नगरपालिकाका प्रमुख बलदेवसिंह गोम्देन तामाङकी ममतामयी माता अर्जुनधारा-१० निवासी **सीम्मा राई गोम्देन**को ६८ बर्षको उमेरमा भएको निधनले हामीलाई स्तब्ध एवम् मर्माहत बनाएको छ।

माताको निधनले परिवारमात्र नभएर समाजले नै एक असल, कुशल अभिभावक गुमाएको हामीले महशुस गरेका छौं । दुःखको यस क्षणमा दिवंगत आत्माको चिरशान्तिको कामनासहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

आफ्नी मातासँगको चिर वियोगको पीडादायी क्षणमा रहनुहुने छोराबुहारीहरु बलदेव-अनिता, मित्र-अनु र मनोज-पूर्णिमा लगायत समस्त शोकाकुल परिवारजनमा शोकसहन गर्ने क्षमता प्राप्त होस् भन्ने कामनासहित हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**गीताकुमारी राई**
प्रमुख प्रशासकीय अधिकृत

**खड्गमाया पराजुली**
उपप्रमुख

एवम्

**समस्त अर्जुनधारा नगरपालिका परिवार**
शनिश्चरे, झापा

**कर्मचारी आवश्यकता**
यस कम्पनी सञ्चालक र विस्तारका लागि केही कर्मचारी आवश्यकता परेको हुनाले इच्छुक व्यक्तिहरुले सम्पर्क गर्नुहोला ।
पद : P.R.O.
संख्या : १० जना (महिला/पुरुष)
शैक्षिक योग्यता : SEE, +२ वा सो सरह
तलब : १५,१०० सम्म
**ग्रेट फ्यूचर कम्पनी**
बिर्तामोड-४, भद्रपुर रोड( झापा)
सम्पर्क: ९८१४३९७३४०/ ९८२३४६६९२१

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**
झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ ।



सम्पर्क :
९८१४९९३७१२, ९८४२६७७८५५
९८२४९९०४६२, ९७४५२६०८२५

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

**ताप्लेजुङ-पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

धेरैवटा गाडिबाट छिटो र सस्तो सेवाको लागि हामीलाई सम्झनुहोस
**हाम्रो सेफ्टी ट्याङ्की तथा ढल सफाई**
सम्पर्क:
9808705206
9863983668
9807930740
9827930240




**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।




भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**
बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
विपरीत लिङ्गीसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको आजको दिन उत्तमसिद्धी रहेको छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
बोलिको प्रभावले आयआर्जनमा पछि परिएला, बोल्दा विचार पुऱ्याउनुहोला, प्रियजनसँग भेट हुने समय रहेको छ, भैपरि आउने खर्चले चिन्ता बढाउन सक्छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
मेहनतले राम्रो परिणाम प्राप्त हुने छ, दिगो फाइदा हुने काम प्रारम्भ हुने समय रहेको छ, दाम्पत्य जीवन सुखी रहला, उत्साह बढ्ने योग रहेको छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
समय दिन नसक्दा बन्न लागेको काम बिग्रन सक्ला, व्यवसायमा नोक्सानी व्यहोर्नुपर्ला, भैपरी आउने खर्चले चिन्ता बढाउन सक्ला सचेत रहनुहोला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
यथेष्ट धन लाभको योग छ, बोली तथा वाणीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग छ, मन प्रफुल्ल रहला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
बोलिमा विचार पुऱ्याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
मनमा सन्ताप बढेर जानेछ, क्रोधलाई नियन्त्रणमा राख्नुहोला, अधिक खर्च हुने समय छ, मावली पक्षबाट अशुभ समाचारको योग छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
समय अनुकूल रहेको छ, नयाँ कामको प्रश्ताव आउने छ, बोलिको भरमा अधुरो कामहरू फत्ते भएर जानेछ, प्रशंसकहरू बढ्नेछन्, मन प्रसन्न रहला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
मिश्रित फलको समय छ, काममा उतारचढाव आउन सक्छ, खानपानमा ध्यान दिनुहोला, स्वास्थ्य त्यति राम्रो हुने छैन ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
लामो दुरीको यात्रा हुनेछ, भाग्यले साथ दिनेछ, कार्यसिद्धीको योग परेको छ, टाढिएका मित्रजनसँग भेटधाटहुने समय रहेको छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ, परिवारजन बिमुख हुने छन् ।